**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 27.06.2024**

***Former MP Demise***

राज्यका पूर्व सांसद पहलमान सुब्बा अब हामीवीच हुनुहुन्न। मणिपाल अस्पतालमा केहीदिनदेखि उपचाराधीन श्री सुब्बाको आज विहान निधन भयो। उहाँ नब्बे वर्षको हुनुहुन्थ्यो। उहाँको पार्थिव शरीर पश्चिम सिक्किमको सोरेङ तिम्बुरबुङ स्थित पैत्रिक निवासका लागिएको छ। अन्तिम संस्कार भोलि गरिनेभएको छ। पहलमान सुब्बा सिक्किमका प्रथम निर्वाचित लोकसभा सदस्य हुनुहुन्छ।

***Condolence***

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पूर्व लोकसभा सांसदको निधनमा शोक व्यक्त गर्नुभएको छ। शोक सन्तप्त परिवारप्रति सम्वेदना प्रकट गर्दै उहाँले दिवंगत आत्माको चिरशान्तिको कामना गर्नुभएको छ। मुख्यमन्त्रीले आज विहान पाँच माईल तादोङ स्थित केन्द्रीय रेफरल व्यक्त गर्नुभयो र स्वगीर्य सुब्बाका परिवारका सदस्यहरूसित कुराकानी गर्नुभयो।

***State Govt Notification***

यसैवीच राज्य सरकारले भोलि स्वगीर्य सुब्बाको अन्तिम संस्कारका दिन उहाँप्रति सम्मान स्वरूप आधिकारिक मनोरञ्जन कार्यक्रम नगर्ने आयोजना घोषणा गरेको छ। राज्यको गृह विभागद्वारा आज जारी अधिसूचनामा यस्तो आशायको जानकारी दिइएको छ।

***President***

रास्ट्रपति श्रीमती द्रौपदी मुर्मूले भन्नुभएको छ सरकार पेपर लीकको निस्पक्ष जाँच र दोषीहरूका लागि कड़ा सजाय सुनिश्चित गर्न प्रतिवध्द छ। संसदको संयुक्त बैठकमा आज आफ्नो सम्वोधनमा उहाँले भन्नुभयो दलगत राजनीतिदेखि माथि उठेर यस्ता घटनाहरूलाई रोक्नका लागि सारा दोशमा ठोस पाइला चाल्नु महत्वपूर्ण छ। आफ्नो लगभग एक घण्टाको सम्वोधनमा श्रीमती मुर्मूले पूर्वाधार विकासका लागि सरकारको पहलवारे प्रकाश पार्नुभयो र भन्नुभयो प्रधानमन्त्री ग्राम सड़क योजना अन्तर्गत पछिल्ला दश वर्षमा तीन लाख अस्सी हजार किलोमिटर भन्दा अधिक ग्रामीण सड़कहरूको निर्माण गरिएको छ। पूर्वेत्तर राज्यहरूको विकासमाथि उहाँले भन्नुभयो विगत दस वर्षमा क्षेत्रको विकासका लागि आवंटन चार गुणाभन्दा धेरै बढ़ाइएको छ। रास्ट्रपतिले भन्नुभयो पूर्वेत्तर क्षेत्रमा सबै प्रकारको सम्पर्क व्यवस्था अनि शिक्षा, स्वास्थ्य, पर्यटन रोजगार र अन्य क्षेत्रमा विकास कार्य र गरिँदैछ।

***Address Copy Tabled***

संसदका दुवै सदनको संयुक्त बैठकलाई रास्ट्रपति द्रौपदी मुर्मूक सम्वोधनको एउटा प्रति आज लोकसभामा प्रस्तुत गरियो। उहाँको सम्वोधनपछि सदनको कार्यवाही शुरू हुँदा यस प्रतिलाई सदनमा प्रस्तुत गरियो। अध्यक्ष श्री ओम बिरलाले, काँग्रेसका सांसद श्री राहुल गान्धीलाई तल्लो सदनमा विपक्षका नेताको रूपमा माध्दता दिइएको घोषणा गर्नुभयो। राज्य सभामा पनि रास्ट्रपतिको अभिभाषाणको एउटा प्रलि प्रस्तुत गरियो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नवगठित केन्द्रीय मन्त्रीपरिपदका सदस्यहरूलाई माथिल्लो सदनसित परिचय गराउनुभयो। समापति श्री जगदीप धनखड़ले केन्द्रीय मन्त्री श्री जे पी नड्डालाई सदनका नेताको रूपमा नियुक्त गरिएको घओषणा गर्नुभयो।

***Bailey Bridge***

सिक्किममा हालैको पैह्रोले गर्दा सम्पर्क विहीन भएका क्षेत्रहरूमा सड़क सम्पर्क पुनवर्हान गर्नमा सीमा सड़क संठन र स्थानीय प्रशासनको प्रयासलाई थप टेवा दिँदै त्रिशक्ति कोरका सेना अभियन्ताहरूले डिक्चु- साङकलङ सड़कमा सत्तरी फीटको झोलुङ्गे पुल निर्माण गरेका छन्। डेट खोलामा गत तेइस जूनका दिन शुरू गरिएको पुल निर्माण गरेका छन्। डेट खोलामा गत तेइस जूनका दिन शुरू गरिएको पुल निर्माण कार्य प्रतिकूल मौसम र तकनिकी अवरोधको सामना गर्दै भएपनि बाहत्तर घण्टामा पूरा भएको छ। डिक्चुवाट साङकलङ र चुङथाङ तर्फ यातायात गर्नका लागि यो पुल महतुवपूर्ण छ। बन मन्त्री श्री पिन्छो नाम्गेल लेप्चाले ज पूल निर्माण स्थलको भ्रमण गरी द्रुत गरिमा निर्माण कार्य गरिएकोमा भारतीय सेनाको प्रशंसा गर्नुभयो।

***Minister Visit***

यसैवीच आज मंगन जिल्ला अधिनका पैहो प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभयो। उहाँसित आपदा प्रवन्धन विभाकी सचिव तथा राहत आयुक्त सुश्री नम्रता थापा पनि जानुभएको थियो। उहाँहरू डन्त गाउँ, डेट खोला, फिदाङ, रालङ र झुसिङ वार्डहरूमा जानुभयो। मन्त्रीले साङकलङमा जीपलाइन र निर्माणाधीन पुलको निरीक्षण गरी पञ्चायत र प्रभावित व्यक्तिहरूसित बातचीत गर्नुभयो। श्री लेप्चाले समग्र उत्तर

जिल्लाको जीवनरेखा जंगु सड़कको पुननिर्माण माथि बढ़ी ध्यान दिंदैछ। जिल्लाधीश श्री अनन्त जैनले उहाँलाई सड़क अवस्था र स्थितिवारे जानकारी दिनुभयो।

राहत आयुक्तले बताउनु भए अनुसार आपदा प्रवन्धन विभागले तत्काल राहत र उध्दारमाथि ध्यान दिइरहेछ। भू राजस्व विभागले पनि जंगुका प्रभावित परिवारहरूलाई साङकलङवाट जीपलाइनमा पठाएर राहत सामग्री उपलब्ध गरायो। मंगनका जिल्लाधीशको भनाइमा जिल्लामा पाँचसय भन्दा धेरै घरहरू क्षतिग्रस्त भएका छन् र जिल्ला प्रशासनले क्षतिभएका जमीन र अन्य सम्पतिको आकलन गरिरहेछ।

***Meeting SDM Chungthang***

चुङथाङ महकुमा अन्तर्गत सड़क सम्पर्क पुनबर्हाल सम्वन्धमा एउटा बैठक महकुमा कार्यालयमा हिजो बस्यो। चुङथाङका महकुमा अधिकारी श्री किरण ठटालले अध्यक्षता गर्नुभएको बैठकमा पेगोङका 327 क्षेत्र अस्पताल नजीकै नयाँ सरेखित सड़क निर्माण, थेङ र पेगोङ वार्डमा पावर ग्रीड टावर तथा तारहरू हटाउने जस्ता मामिलाहरूमा चर्चा भयो। आफ्नो वक्तव्यमा श्री ठटालले सड़क पुननिर्माणको आवश्यकता र महाववारे अवगत गराउँदै प्रभावित परिवारहरूलाई सिमा सड़क संगठन BRO को आश्वासन अनुरूप क्षतिपूरण राशि भूक्तान गरिने कुरो बताउनुभयो। उहाँले सड़क  निर्माणका बेला स्थलमा उपस्थित रहन सड़क तथा पुल विभागका सर्वेक्षणकर्ता र अभियान्ता तैनात गर्ने निर्देश दिनुभएको छ। PGCIL लिमिटेडको टावर सम्वन्धमा श्री ठटालले भन्नुभयो उहाँले यस कम्पनीलाई आवश्यक कार्रवाआ गर्ने निर्देश दिनुहुनेछ। बैठकमा ग्रेफका अफिसर कमान्डिङ, प्रखण्ड विकास अधिकारी, चुङथाङ र शिपगेरका पञ्चायत अध्यक्ष, चुङथाङ जिल्ला पञ्चायत लाचेनका पिपन, लाचुङ जुम्साका प्रतिनिधिहरू र प्रभावित परिवारहरूका सदस्यहरू उपस्थित थिए।